बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल

# अण्डासँग सम्बन्धित सहकारीलाई लागत साझेदारीमा प्रविधि र पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

स्वीकृत मिति : २०८०/०५/०३

**प्रस्तावनाः** अण्डा उत्पादन तथा बजारीकरणको प्रवर्द्धन गर्नको लागि प्रविधि र पूर्वाधारमा लगानी गरी पन्छीजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अण्डासँग सम्बन्धित सहकारीलाई लागत साजेदारीमा प्रविधि र पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आवेदक" भन्नाले कार्यक्रम सञ्चालन गर्न ईच्छुक अण्डाको उत्पादन, भण्डारण तथा बजारीकरणसँग सम्बन्धित सहकारी सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले निर्देशनालयको वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले निर्देशनालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) "निर्देशनालय " भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "प्रस्ताव" भन्नाले आवेदकले पेश गरेको कार्यक्रम सहितको कार्ययोजना सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "साझेदार" भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदक सम्झनु पर्छ ।

## परिच्छेद-२

## सञ्चालन प्रक्रिया

३. **प्रस्ताव आह्वानः** निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३०(तीस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुनः १५(पन्ध्र) दिनको समय सीमा राखी १(एक) पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

४. **प्रस्ताव दर्ता:** कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक आवेदकले दफा ३ मा उल्लिखित समय सीमा भित्र अनुसूची-३ बमोजिमको कार्ययोजना, अनुसूची-४ बमोजिमको प्रतिवद्धता-पत्र सहित अनुसूची-२ को ढाँचामा आवेदन दर्ता गर्नु पर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण:** (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गरी स्थलगत प्रमाणीकरण पश्चात निर्देशनालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ । निर्देशनालयले स्थलगत प्रमाणीकरणको ढाँचा निर्देशनालयबाट स्वीकृत गरि प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २(दुई) जनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-५ बमोजिम मूल्याङ्कनका गर्दा ५०(पचास) प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि निर्देशनालयमा सिफारिस गर्नु पर्नेछ ।

(४) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र दफा ४ बमोजिमको समितिले आवश्कताका अनुसार गर्न सक्ने छन् ।यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

६. **प्रस्ताव छनौटको जानकारी:** स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/गुनासो दर्ता गर्न आवेदकलाई ७(सात) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

७. **सम्झौता:** (१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग निर्देशनालयले सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ ।

(२) तोकिएको अवधिभित्र छनौट भएको साझेदार सम्झौता गर्न नआएमा क्रमशः योग्यता क्रमको आधारमा छनौट गरी सम्झौता गरिने छ।

(३) सम्झौता पश्चात साझेदारले अग्रिम रुपमा निर्देशनालयको विविध बैंङ्क खातामा लागत साझेदारी बापतको रकम जम्मा गर्नेछ।

(४) रकम जम्मा भए पश्चात निर्देशनालयले यन्त्र/उपकरणहरुको स्पेशिफिकेशन तयार गरि र निर्माण कार्यको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद प्रकृया अगी बढाउनेछ ।

(५) खरिद भएका उपकरणहरु तथा निर्माण भएका पुर्वाधारहरु सम्झौता अनुरुप साझेदार संस्थालाई निर्देशनालयले हस्तान्तरण गर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

## परिच्छेद -३

## कार्यक्रम र प्राविधिक पक्ष

८. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) यस कार्यक्रममा आवेदक सहकारीबाट कम्तीमा २५ जना सदस्य संलग्न भई कार्य गरि रहेको हुनु पर्नेछ ।

(२) साझेदार संस्थाले पुँजीगत प्रविधि तथा पुर्वाधारमा मात्र बजेट खर्च गर्न पाउनेछन्।

(३) साझेदार संस्थाले सम्झौताको प्रकृयामा कार्ययोजनाको अधिकनमा रही निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) साझेदार संस्थाले जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा १०(दश) वर्ष कायम भएको करार सम्झौता पत्र अनिवार्य पेश गर्नु पर्नेछ,

(५) साझेदार संस्थाले देहाय अनुसारका कृयाकलापहरुको लागि प्रस्ताव पेश गर्न सक्नेछन् :-

(क) उत्पादित अण्डाको भण्डारणको लागि आवश्यक पुर्वाधार निर्माण तथा मर्मत,

(ख) उत्पादनको क्रममा आवश्यक समाग्रीहरु निर्माण उद्योग स्थापना,

(ग) यन्त्र/उपकरण खरिद,

(घ) प्राविधिक खर्च।

## परिच्छेद -४

## आर्थिक पक्ष

९. साझेदार रकमः (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । स्वीकृत कार्यक्रममा प्रविधि र पूर्वाधार सम्बन्धी क्रियाकलापहरुमा कुल लागतको बढीमा ८० प्रतिशत वा वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिमको प्रति परिमाणको अधीकतम सीमा सम्म निर्देशनालयले व्यहोर्ने छ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुटयाईनेछ र उक्त रकम सूचना प्रकाशन, प्राविधिक विज्ञ नियुक्ति, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ।

## परिच्छेद -४

## अन्य व्यवस्था

१०. दोहोरोपना नहुनेः यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

११. कारबाही सम्बन्धी व्यवस्थाः साझेदारले सम्झौता अनुरुप कार्य नगरेमा वा दोहोरो सुविधा लिएको पाईएमा प्रचलित कानून बमोजिम ब्याज सहित असुल गरिनेछ ।

१२. संशोधनः यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौडा, नेपाल

अनुसूची -१

(दफा ३ सँग सम्बन्धित)

**कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचनाको ढाचाँ**

*प्रथम पटक प्रकाशन मितिः*

निर्देशनालयको आर्थिक वर्ष....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार........कार्यक्रममा इच्छुक आवेदकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (सम्बन्धित बोर्ड/निर्देशनालय/केन्द्र) मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),
८. संरचना निर्माणको हकमा डिजाईन र लागत अनुमान, ,
९. आवश्यक अन्य कागजात( कार्यक्रम कार्यान्वयन/मूल्याङ्कन सम्बन्धि बोर्ड/ निर्देशनालय/केन्द्रले तोके बमोजिम) ।

पुनश्चः अण्डासँग सम्बन्धित सहकारीलाई लागत साजेदारीमा प्रविधि र पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० ..... बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -२

(दफा ४ सँग सम्बन्धित)

**आवेदन फाराम**

मिति :

श्रीमान प्रमुखज्यू,
बोर्ड/निर्देशनालय/केन्द्र
............।

विषय : कार्यक्रममा समावेश हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ (कार्यालयको नाम) बाट मिति ......मा प्रकाशित सूचना अनुसार ................................ कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेको/गरेका छु/छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारबाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरु:

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),
८. आवश्यक अन्य कागजात ।

आवेदक
नामः
पदः
ठेगानाः
छापः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**प्रस्ताव**

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नामः | |
| मोबाइल नं. | |
| कार्य क्षेत्रः | |
| अनुभव | |
| प्रस्तावित कार्यक्रमको कूल खर्च (यसमा निर्देशनालय र साझेदारको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल रकम रु. | |

२. आवेदकसँग हाल भईरहेको जनशक्ति विवरण

| क्र.स. | नाम थर | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. लाभान्वित हुने कृषक घरधुरीः

| क्र.स. | कृषकको नाम थर | ठेगाना | हालको व्यवसाय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

४. प्रस्तावित क्रियाकलापहरुः

क. चालू र पूजिगत क्रियाकलापहरु खर्चको विवरणः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| क. सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रम वाट बेहोर्ने | साझेदा रले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. <u>प्रस्तावित कार्यक्रमको आवश्यकता तथा औचित्यतता</u>

६. <u>प्रस्तावित कार्यक्रमवाट हुने उपलब्धि</u>

७. <u>आवश्यक प्रविधिको विवरण</u>

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची -४

(दफा ४ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

............................को मिति.............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त सहयोग रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आवेदकको तर्फबाट**

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -५

(दफा ५ सँग सम्बन्धित)

<u>मूल्याङ्कनका आधारहरु</u>

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

पूर्णाङ्क:१००

उतीर्णाङ्क:५०

| क्र.सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | आबेदकको सदस्य संख्या | १० | |
| १.१ | २५ जना | ७ | |
| १.२ | २५-५० जना | ८ | |
| १.३ | ५०-१०० | १० | |
| २ | आवेदकको ब्यबसायिक कृषिमा अनुभव | १० | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| २.१ | ५ बर्ष भन्दा बढी | १० | |
| २.२ | २ देखि ५ वर्ष | ८ | |
| २.३ | २ वर्ष भन्दा कम | ६ | |
| ३ | उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार | १० | प्रमाण पेश गर्नुपर्ने |
| ३.१ | सडक, बाटो, बिजुली, लगायत अन्य सुविधा भएको | १० | |
| ३.२ | सडक, बाटो, बिजुली, लगायत अन्य सुविधा मध्यम भएको | ८ | |
| ३.३ | सडक, बाटो, बिजुली, लगायत अन्य सुविधा न्यून भएको | ६ | |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | २० | निर्देशनालयले थप विस्तृतीकरण गर्न सक्ने |
| ५ | प्रस्तावित कार्ययोजना अनुरुप प्राविधिक उपयुक्तता | ३० | निर्देशनालयले निक्यौल गरी थप विस्तृतीकरण गर्न सक्ने |
| ६ | नविनतम क्रियाकलापहरु सञ्चालन भएको | २० | |

<u>नोट</u>: आवेदक छनौटको लागि कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री